# संघीय संसद
# प्रतिनिधि सभा
# अन्तर्राष्ट्रिय सम्बन्ध समिति

**बैठक संख्या: ७१**
**(मिति: २०७८/१०/२४)**

विषय:-

१. भूतपूर्व गोर्खा सैनिकका सम्बन्धमा।
२. कूटनीतिक क्षेत्रमा राजनीतिक र Career Diplomats नियुक्ति सम्बन्धमा।
३. नेपाल नागरिक उड्डयन प्राधिकरणका सम्बन्धमा।
४. उपसमितिको म्याद थप सम्बन्धमा।
५. विविध।

छलफल तथा निर्णय:-

समितिको आजको बैठकमा भूतपूर्व गोर्खा सैनिक, कूटनीतिक क्षेत्रमा राजनीतिक र पेशागत कूटनीतिज्ञ (Career Diplomats)को नियुक्ति, नेपाल नागरिक उड्डयन प्राधिकरण, उपसमितिको म्याद थप एवं विविध विषयका सम्बन्धमा छलफल भयो।

भूतपूर्व गोर्खा सैनिकका सम्बन्धमा:

बैठकमा मा. सभापतिज्यूले भूतपूर्व गोर्खा सैनिकका समस्या र समाधानका सम्बन्धमा बेलायतका लागि नेपालका नवनियुक्त महामहिम राजदूत श्री ज्ञानचन्द्र आचार्यसँग यस समिति अन्तर्गत गठित भूतपूर्व गोर्खा सैनिकका समस्या समाधान उपसमितिका सदस्यहरु समेतको सहभागितामा छलफल भएको व्यहोरा जानकारी गराउनुभयो। साथै उक्त छलफलका क्रममा यस समितिको भूतपूर्व गोर्खा सैनिकका समस्या सम्बोधन सम्बन्धी प्रतिवेदन, २०७५ एवं समितिका विभिन्न बैठकहरु मार्फत यस सम्बन्धमा दिइएका सुझाव तथा निर्देशनहरु हस्तान्तरण गर्ने काम भएको व्यहोरा समेत अवगत गराउनुभयो।

समितिको आजको बैठकमा भएको छलफल पश्चात् भूतपूर्व गोर्खा सैनिकका समस्या समाधानका लागि यस समितिले परराष्ट्र मन्त्रालयलाई यस अघि दिइएका सुझाव एवं निर्देशनहरुको कार्यान्वयनको प्रगति विवरण उपलब्ध गराइदिन साथै ती सुझाव एवं निर्देशनहरु कार्यान्वयन नभएका भए सो हुन नसक्नुका कारणहरु खुलाई पठाइदिन परराष्ट्र मन्त्रालयलाई निर्देशन दिने निर्णय भयो।

कूटनीतिक क्षेत्रमा राजनीतिक र पेशागत कूटनीतिज्ञ (Career Diplomats)को नियुक्ति सम्बन्धमा:

कूटनीतिक क्षेत्रमा राजनीतिक र पेशागत क्षेत्रका व्यक्तिलाई कूटनीतिज्ञको रुपमा नियुक्त गर्ने सम्बन्धमा बृहत छलफल भयो। छलफलमा माननीय सदस्यहरुले यस किसिमको नियुक्ति गर्दा संविधान बमोजिम समावेशी सिद्धान्तका आधारमा हुनुपर्ने कुरा उल्लेख गर्नुभयो। यसपश्चात् यो विषयमा परराष्ट्र मन्त्री, परराष्ट्र सचिव लगायत सम्बन्धित अधिकारीहरुको सहभागितामा छलफल गर्न अर्को बैठक बस्ने निर्णय भयो।

अवैतनिक महावाणिज्यदूत/ वाणिज्यदूतहरुलाई दिइएको निलो नम्बर प्लेटको गाडी सुविधा सम्बन्धमा छलफल हुँदा छलफलमा भागलिने सदस्यहरुले विना मापदण्ड यस्ता सुविधा दिन नहुने धारणा राख्नुभयो। यस सम्बन्धमा परराष्ट्र मन्त्रीको उपस्थितिमा आवश्यक छलफल गरि निष्कर्षमा पुग्ने निर्णय भयो।

नेपाल नागरिक उड्डयन प्राधिकरणका सम्बन्धमा:

नेपाल नागरिक उड्डयन प्राधिकरणका सम्बन्धमा छलफल भई प्राधिकरणको बक्यौता रकम कानुन बमोजिम यथाशीघ्र असुलउपर गर्नका लागि प्राधिकरणलाई निर्देशन दिने निर्णय भयो।

नागरिक उड्डयन सम्बन्धी समस्या र समाधान उपसमितिको म्याद थप सम्बन्धमा:

समितिको मिति २०७८/०४/१७ को बैठक मार्फत समितिका सदस्य मा. श्री दिव्यमणि राजभण्डारीको संयोजकत्वमा गठित ७ (सात) सदस्यीय नागरिक उड्डयन सम्बन्धी समस्या र समाधान उपसमितिको म्याद ६ महिना रहेकोमा उपसमितिको अध्ययन कार्य सम्पन्न भइ नसकेकोले उपसमितिको माग बमोजिम उपसमितिको म्याद ३ महिना थप गरि २०७९/०१/१५ गतेसम्म कायम गर्ने निर्णय भयो।

विविध:

(क) परराष्ट्र नीति अध्ययन उपसमितिमा सदस्य हेरफेर सम्बन्धमा:

समितिको मिति २०७८/०९/१६ को बैठक मार्फत मा. श्री दीपक प्रकाश भट्टको संयोजकत्वमा मा. श्री पुष्पा भुसाल (गौतम), मा. श्री रेनुका गुरुङ्ग, मा. श्री सरला कुमारी यादव र मा. श्री सुदन किराती सदस्य रहेको ५ (पाँच) सदस्यीय परराष्ट्र नीति अध्ययन उपसमिति गठन भएकोमा उक्त उपसमितिमा सदस्य हेरफेर गरि उपसमिति देहाय बमोजिम हुने निर्णय भयो:

संयोजक - मा. श्री दीपक प्रकाश भट्ट

सदस्य - मा. श्री चाँदतारा कुमारी

सदस्य - मा. श्री पुष्पा भुसाल (गौतम)

सदस्य - मा. श्री रेनुका गुरुङ्ग

सदस्य - मा. श्री सरला कुमारी यादव

(ख) <u>समितिको वैदेशिक भ्रमण सम्बन्धमा</u>:

समितिले नेपालको पर्यटन प्रवर्द्धन र विकासका लागि आफ्नो स्थापना कालदेखि नै भूमिका खेल्दै आइरहेको छ। सोका लागि आन्तरिक र वैदेशिक भ्रमणहरु गरी राष्ट्रको हितका निमित्त विभिन्न कार्यहरु जस्तै: वैदेशिक लगानी, पर्यटन प्रवर्द्धन गर्न स्थलगत जानकारी लिने र प्राप्त जानकारी सहितको सिफारिस प्रतिवेदन नेपाल सरकार समक्ष प्रस्तुत  गर्ने गरेको छ।

यसै सन्दर्भमा चालु आ. व. मा संसदीय कूटनीति, आर्थिक कूटनीति र पर्यटन प्रवर्द्धनका लागि निकट भविष्यमा मध्यपूर्व र दक्षिण एशियाका मुलुकहरुको भ्रमण गर्ने र सोका लागि अनुमानित रकम रु ५० लाख अर्थ मन्त्रालयसँग माग गर्ने निर्णय भयो।

(ग) <u>समवेदना</u>:

बैठकले समितिका सदस्य माननीय श्री नारद मुनि रानाज्यूकी ममतामयी माता सुदामा देवी रानाको मिति २०७८/१०/२१ गते शुक्रबार ८५ वर्षको उमेरमा असामयिक निधन भएकोमा शोक व्यक्त गर्दै देहाय बमोजिमको शोक प्रस्ताव पारित गरी दिवंगत माताप्रति श्रद्धा अर्पण गर्न १ मिनेट मौन धारण गऱ्यो।

"यस समितिका सदस्य माननीय श्री नारद मुनि रानाज्यूकी ममतामयी माता सुदामा देवी रानाको मिति २०७८/१०/२१ गते शुक्रबार ८५ वर्षको उमेरमा भएको असामयिक निधनमा यस समिति मृत आत्माको चीर शान्तिको कामना गर्दै उहाँप्रति भावपूर्ण श्रद्धान्जली अर्पण एवं शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछ।"

तत्पश्चात् समितिको  बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो।